REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 25.03.2026

जनगणना

सिक्किम सरकारको गृह विभागले आज दिउँसो टाशिलिङ सचिवालयमा पत्रकार सम्मेलन गर्दै आगामी census २०२७ को पहिलो चरणबारे जानकारी दिएको छ।

जनगणना सञ्चालन निर्देशक, कर्मा बोनपोले भारत सरकारले census २०२७ को घोषणा गरेको जानकारी दिनुभयो। यस census को सन्दर्भ मिति १ मार्च २०२७ रहनेछ। यो भारतको १६औँ तथा सिक्किम राज्य स्थापित भए पश्चात पाँचौँ census हुनेछ। यो दुइ चरण मा हुनेछ

- यसको पहिलो चरण (आवास गणना) १६ अप्रिलदेखि १५ मई २०२६सम्म हुनेछ भने
- दोस्रो चरण (जनसंख्या गणना) फेब्रुअरी २०२७मा हुनेछ

यस पटक census डिजिटल माध्यमबाट हुने उल्लेख गर्दै बोनपोले भारत सरकारले नागरिकहरूलाई आफ्नै विवरण भर्न सक्ने self-enumeration portal उपलब्ध गराएको जानकारी दिनुभयो। यो पोर्टल १ अप्रिलदेखि १५ अप्रिल २०२६ सम्म खुला रहनेछ।

बजेट

सिक्किमको आगामी आर्थिक वर्ष २०२६–२७ को बजेट अधिवेशन भोलिदेखि सुरु हुने भएको छ।

मुख्यमन्त्री, वित्त तथा व्यय विभागका मन्त्री प्रेम सिंह तमाङले यस अधिवेशनमा राज्यको बजेट प्रस्तुत गर्नुहुनेछ । श्री तामाङको यो २०१९ मा सिक्किम क्रान्तिकारी मोर्चा सरकार गठन भएदेखि निरन्तर आठौँ बजेट हुनेछ

स्तुति प्रधान

सिक्किमकी प्रतिभाशाली युवा नेतृ स्तुति प्रधानलाई बैंगलोरमा आयोजना हुने प्रतिष्ठित विश्व युवा संसद मा सिक्किमको प्रतिनिधित्व गर्न चयन गरिएको छ।

विश्व युवा संसद एक अन्तर्राष्ट्रिय मञ्च हो जसले, विभिन्न देशका युवाहरुलाई एकै मन्चमा भेला गराउंदै विश्वका ज्वलन्त मुद्दाहरूमा छलफल गर्ने अवसर प्रदान गर्दछ ।

स्तुति प्रधान, हालै सम्पन्न विकसित भारत युवा संसद २०२५मा सिक्किम राज्यकी विजेता बनेकी थिइन्। उनको यो उपलब्धि सिक्किम मात्र नभई सम्पूर्ण भारतका युवाहरूका लागि गर्वको विषय बनेको छ। उनलाइ यो अवसर प्राप्त सबै प्रति आभार व्यक्त गरेकी छन् I

स्वर्णिम शिखर यात्रा २०२६

सिक्किम राज्य स्थापनाको ५०सौं वर्षगांठको अवसरमा दार्जिलिङस्थित हिमालयन माउन्टेनियरिङ इन्स्टिच्युटले पर्यटन तथा नागरिक उड्डयन विभाग सिक्किम सँग सहकार्य गर्दै स्वर्णिम शिखर यात्रा २०२६ आयोजना गर्ने भएको छ। यस पर्वतारोहण अभियानमा सिक्किमका ५० वटा दर्राहरू पार गर्ने कार्यक्रम रहेको छ।

हिमालयन माउन्टेनियरिङ इन्स्टिच्युटमा आयोजित एक विशेष कार्यक्रममा पर्यटन तथा नागरिक उड्डयन विभागका मन्त्री छेरिङ थेन्डुप भुटिया प्रमुख अतिथि रहनुभएको थियो। उहाँले सिक्किममा साहसिक पर्यटनको सम्भावना र पर्यटन प्रवर्द्धनका लागि भइरहेका प्रयासहरूबारे प्रकाश पार्दै विकास र वातावरणीय दिगोपनाबीच सन्तुलन कायम गर्नुपर्नेमा जोड दिनुभयो,

कार्यक्रममा पर्यटन विभागका अतिरिक्त मुख्य सचिव सी.एस. राव पनि उपस्थित हुनुहुन्थ्यो

खेलो इन्डिया

सिक्किमले पहिलो संस्करणको खेलो इन्डिया आदिवासी खेलकुद प्रतियोगितामा सहभागिता जनाइरहेको छ। प्रतियोगिता आज २५ मार्च देखि ३ अप्रिल २०२६ सम्म चल्नेछ।

कार्यक्रमलाई भारत सरकारको युवा मामिला तथा खेलकुद मन्त्रालय अन्तर्गत स्पोर्ट्स अथोरिटी अफ इन्डिया ले आयोजना गरिरहेछ।

आज भएको महिला फुटबल खेलमा झारखण्डले सिक्किमलाई ५- गोलले पराजित गरेको छ। खेल रायपुरस्थित स्वामी विवेकानन्द एथलेटिक स्टेडियम मा सम्पन्न भएको थियो।

सिक्किमले आगामी ३० मार्चदेखि धनुकाण् प्रतियोगितामा पनि सहभागिता जनाउनेछ।

सिक्किम क्रस कन्ट्री च्याम्पियनसिप २०२६

सिक्किम एथलेटिक एसोसिएशनले आज गान्तोकमा आयोजित कार्यक्रममा सिक्किम क्रस कन्ट्री च्याम्पियनसिप २०२६को आधिकारिक पोस्टर सार्वजनिक गरेको छ।

कार्यक्रममा नाम्थांग राती पानि क्षेत्र का विधायक सञ्जीत खरेल, प्रमुख अतिथि रहनुभएको थियो। यो च्याम्पियनसिप आगामी १९ अप्रिलमा खेल गाउँ, रेसिथाङमा आयोजना हुनेछ, यसमा पुरुष तथा महिला टोलीहरुको १० किलोमिटर लामो, दौडलाई समावेश गरिएको छ।

प्रतियोगितामा सहभागी हुन इच्छुक संगठनहरूले र खेलाडीहरुले भोलि मार्च २६ देखि अप्रिल ६ तारिक सम्म नाम दर्ता गर्न सक्नेछन्।

## नर्थ सिक्किम

उत्तर सिक्किममा भारी वर्षाका कारण भएको पहिरोले चुंगथाङमा रोकिएर बसेका लगभग १५० देखि २०० पर्यटकहरूलाई आज लाचेन पुर्याइएको छ।

मंगनका जिल्ला अधिकारी अनन्त जैनका अनुसार मुनसिथाङ क्षेत्रमा रहेको मार्ग अवरोध हटाइएपछि पर्यटकहरूलाई सुरक्षित रूपमा लाचेन पुर्याइएको हो।

पर्यटक हरुलाई हाल आईटीबीपी क्याम्प तथा गुरुद्वारामा राखिएको छ।